# खानीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सांल्मेचाकल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०३**

यस कार्यालयको लागि आ.व. २०७९/०८० मा तपशिल बमोजिमका सामानहरु तथा सेवाहरु एकै पटक वा पटक पटक आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एक भन्दा बढी कार्यहरुको लागि छुट्टाछुट्टै विवरण भरी यस कार्यलयमा सूची दर्ता गराउनको लागि आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**:

१) स्टेशनरी, मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ती कार्य।
२) छपाइ गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ती कार्य।
३) फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
४) Computer, Laptop, Printer, Fax, Photocopy Machine, Telephone Set, Projector आपूर्ती र मर्मत कार्य ।
५) खानेपानी (मिनरल र ड्रिङ्किङ्ग वाटर) आपूर्ती कार्य।
६) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेवी इक्वीपमेन्ट) र सोका पार्टपूर्जाहरु सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
७) कुरियर सेवा संचालन कार्य।
८) सार्वजनिक सम्पत्ति (भवन, वाल बाउन्ड्री, ट्रस आदि) निर्माण तथा सो को मर्मत सम्भार कार्य।
९) खानेपानि, सडक, बिद्यूत, सिंचाई लगायतका निर्माण तथा सोका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य।
१०) विज्ञापन तथा सूचना प्रकाशन तथा प्रशारण कार्य।
११) श्रव्य दृश्य सामाग्री निर्माण तथा प्रशारण कार्य।
१२) Consultancy Service (योजना तर्जुमा, वित्तिय अध्ययन, अनुसन्धान, अनुगमन, निरिक्षण, इष्टिमेट गर्ने, गुरुयोजना, डिपिआर लगायतका प्रविधिक तथ विशेषज्ञ सेवा) को कार्य।
१३) वेबसाइट डिजाइन संचालन अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य।
१४) यस कार्यालय र अन्तर्गत कार्यालयहरुको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
१५) इन्जिनियरिङ्ग, ड्रईङ, डिजाइन निर्माण सुपरिवेक्षण गर्ने कार्य।
१६) कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, बगैचा निर्माण, संचालन तथा मर्मत कार्य।
१७) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
१८) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ती कार्य।
१९) कृषिजन्य तथा सरसफाइजन्य सामाग्रीहरुको आपूर्ती कार्य।
२०) ईन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ती कार्य।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरूको विवरण**:

क) कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ख) स्थायि लेखा नंम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ग) आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
घ) आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपि।

**अन्य जानकारीहरु**:

१) माथि उल्लेख गरिएका निवेदकले पेश गर्नुपर्ने विवरणहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने छ।
२) माथि उल्लेखित एक भन्दा बढी कार्य एउटै कम्पनी/संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ।
३) सूचीकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिने छ।
४) सूचीकृत भएका कम्पनी/संस्था/फर्म हरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ। सो उपर कुनै दावी विरोध लाग्ने छैन।
५) कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
६) सूचीकृत गराउन चाहने कम्पनी/संस्था/फर्म ले आफ्नो फर्मको ठेगाना, सम्पर्क नं. मोबाइल नं. र सम्पर्क व्यक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**